आज मिति २०८१।११।०९ गते यस लोमन्थाङ गाउँपालिकाका अध्यक्ष श्री टसी न्हर्वु गुरुङको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा लोमन्थाङ गाउँपालिकामा गाउँकार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो।

<u>उपस्थिति:</u>

| सि.नं. | हस्ताक्षर | नाम | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | टसी न्हर्वु गुरुङ | अध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| २ | | छ्युमी विष्ट | उपाध्यक्ष | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| ३ | | पेमा आङ्ग्या गुरुङ | वडाअध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | कर्म नाम्डग्याल गुरुङ | वडाअध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | आङजेन गुरुङ | वडाअध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | छिरिङ धिण्डु गुरुङ | वडाअध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | डुकके विष्ट | वडाअध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | पासाङ गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ९ | | कुंका गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १० | | छिरिङ युटिन गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| ११ | | छुटिन साङ्गो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १२ | | सोनम आङ्गो गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १३ | | छिरिङ याङ्जिग गुरुङ | कार्यपालिका सदस्य | लोमन्थाङ गाउँपालिका |
| १४ | | बिकास के.सी. | प्रशासकीय अधिकृत | लोमन्थाङ गाउँकार्यपालिकाको कार्यालय |
| अन्य उपस्थिति | | | | |
| १५ | | कमल कंडेल | स. प्रशासकीय अधीकृत | लोमन्थाङ गाउँपालिका |
| १६ | | उदयराम शर्मा | सब-ईन्जिनियर | लोमन्थाङ गाउँपालिका |
| १७ | | सन्तोषराज शर्मा | स. लेखा अधिकृत | लोमन्थाङ गा.पा. |

प्रस्तावहरु :

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : कार्यविधी पास सम्बन्धमा ।

प्रस्ताव नं. ३ : संघीय सरकारबाट प्राप्त हुने विशेष तथा समपुरक अनुदानका योजना सम्बन्धमा ।

प्रस्ताव नं. ४ : उपभोक्ता समितिलाई अभिमुखीकरण गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ५ : स्थानीय विपद व्यवस्थापन समिति गठन सम्वन्धमा।

प्रस्ताव नं. ६ : उपभोक्ता समिति गठन तथा अन्तिम भुक्तानी गर्दा टोल विकास संस्थाको अनिवार्य सहभागिता तथा व्यवस्था गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ७ : सुझाव कार्यान्वयन सम्वन्धमा।

प्रस्ताव नं. ८ : उपाध्यक्षले पेश गरेको योजना तथा कार्यक्रमको सुपरिवेक्षणको प्रतिवेदन छलफल गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ९ : लोमन्थाङ गाउँपालिकाको आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ पास गरी कोष संचालन सम्वन्धमा।

प्रस्ताव नं. १० : गाउँपालिकाको आकस्मिक कोष खातामा रकम ट्रान्सफर गर्ने सम्वन्धमा।

प्रस्ताव नं. ११ : लोमन्थाङ गाउँपालिकाको आर्थिक सर्वेक्षण गर्ने सम्वन्धमा।

प्रस्ताव नं. १२ : खरिद प्रकृया अगाडी बढाउने सम्वन्धमा।

निर्णयहरु:

निर्णय नं. १: प्रस्ताव नं. १ उपर छलफल गर्दा अघिल्लो कार्यपालिका बैठकको निर्णयहरुको सम्वन्धमा आवश्यक छलफल गरी कार्यान्वयन सम्वन्धमा समिक्षा गरियो।

निर्णय नं. २ : प्रस्ताव नं. २ उपर छलफल गरि यस गाउँपालिका भित्रको आन्तरिक आय व्यवस्थित गर्ने कार्यका लागि तयार गरिएको आन्तरिक आय व्यवस्थापन (ठेक्का बन्दोबस्त) सम्बन्धि कार्यविधि २०८१ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ३: प्रस्ताव नं. ३ उपर छलफल गरी आ.व. २०८२।०८३ को लागि राष्ट्रिय योजना आयोगको मिति २०८१।१०।१६ को पत्रानुसार संघीय समपूरक तथा विशेष अनुदान अन्तर्गत तपसिल बमोजिमका योजनाहरु माग गर्ने निर्णय गरियो ।

विशेष योजना :

१. ऐतिहासिक खेचो दरबार संरक्षण तथा पैदल यात्राको लागि सिढिं निर्माण

२. लोमन्थाङ एकीकृत फोहोर व्यवस्थापन

समपूरक योजना :

१. न्यानोल, ढुक, छोसेर हुदैं न्हेचुङ भन्सार सम्म रिङरोड वडा नं. १ र २ (गत आ.व. को निरन्तरता)

निर्णय नं. ४: प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस गाउँपालिकाका वडास्तरीय योजनाहरुलाई उपभोक्ता समिति मार्फत खरिद गर्नुपूर्व उपभोक्ता समितिलाई परियोजना सञ्चालन तथा कार्यान्वयन बारेमा अभिमुखीकरण गर्ने निर्णय गरियो।

निर्णय नं. ५ः प्रस्ताव नं. ५ उपर छलफल गरी तपशिलको सदस्यहरु रहने गरी स्थानिय विपद व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो।

| सि.नं. | पद | कैफियत |
|---|---|---|
| १ | गाउँपालिका अध्यक्ष | |
| २ | गाउँपालिका उपाध्यक्ष | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | संयोजक, आर्थिक विकास समिति | |
| ५ | संयोजक, सामाजिक विकास समिति | |
| ६ | संयोजक, पूर्वाधार विकास समिति | |
| ७ | संयोजक, वातावरण तथा विपद व्यवस्थापन समिति | |
| ८ | प्रमुख, पालिका भित्र रहेको संघीय सुरक्षा निकाय | |
| ९ | प्रतिनिधि, नेपाल रेडक्रस सोसाईटी | |
| १० | प्रमुख, विपद व्यवस्थापन शाखा/ईकाई | |

निर्णय नं. ६ : प्रस्ताव नं. ६ उपर छलफल गरी उपभोक्ता समिति गठन गर्दा परियोजना स्थलमा नै टोल विकास संस्था मार्फत आम भेला गराई परियोजना क्षेत्रका लाभग्राही जनताबाट नै उपभोक्ता समिति गठन गर्ने र योजनाको अन्तिममा भुक्तानी दिंदा योजना स्थलमा टोल विकास संस्थाको सहभागितामा योजनाको लाभग्राही भेला गरी आय-व्यय, प्रगति, प्रक्रिया र योजनाको गुणस्तरको बारेमा सार्वजनिक परीक्षण गरेर मात्र भुक्तानी दिने व्यवस्था लागू गर्ने निर्णय गरियो।

निर्णय नं. ७ : प्रस्ताव नं. ७ उपर छलफल गरी विभिन्न समयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, महालेखा परिक्षकको कार्यालय लगायतका अन्य संवैधानिक निकाय तथा केन्द्रबाट प्राप्त हुने सुझावहरु उपर आवश्यक छलफल गरी कार्यान्वयन गर्ने निर्णय गरियो।

निर्णय नं. ८ः प्रस्ताव नं. ८ उपर छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ बमोजिम उपाध्यक्ष श्री छ्युमी विष्ट गुरुङले २०८१ पुष महिनाको पेश गरेको योजना तथा कार्यक्रमको सुपरिवेक्षण गरी सोको प्रतिवेदन उपर आवश्यक छलफल गरी आगामी रणनितिको लागि सुझाव दिने निर्णय गरियो।

निर्णय नं. ९ : प्रस्ताव नं. ९ उपर छलफल गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० बमोजिम स्थानीय कानुन बमोजिम मात्र आकस्मिक कोष सञ्चालनको लागि लेखापरिक्षण तथा आन्तरिक नियन्त्रण प्रणाली समितीले पेश गरेको लोमन्थाङ गाउँपालिकाको आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ पास गरी कोष संचालन गर्ने निर्णय गरियो।

निर्णय नं. १० : प्रस्ताव नं. १० उपर छलफल गरी गाउँसभाबाट आकस्मिक उद्धार कार्यक्रममा बिनियोजित रु. ५,००,०००।०० लोमन्थाङ गाउँपालिकाको आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१ बमोजिम कोष सञ्चालन तथा व्यवस्थापनको लागि ग-७.१ लोमन्थाङ गा.पा. स्थानिय तह आकस्मिक कोष खाता नं. १५८०१२९८६५३००२३१ मा उक्त रकम ट्रान्सफर गर्ने निर्णय गरियो।

निर्णय नं. ११ : प्रस्ताव नं. ११ उपर छलफल गरी कार्यक्रम खर्चबाट खर्च व्यहोर्ने गरी आर्थिक वर्ष २०८०।०८१ को लोमन्थाङ गाउँपालिकाको आर्थिक सर्वेक्षण गरी सार्वजनिकीकरण गर्ने कार्य अगाडी बढाउने निर्णय गरियो।

प्रस्ताव नं. १२ः प्रस्ताव नं. १२ उपर छलफल गर्दा तपसिलका बजेट कार्यक्रमको खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियोः-

क. सामुदायिक विद्यालयहरुका शिक्षकहरुका लागि झोला खरिद- रु.१,५०,०००।००

ख. एकिकृत कार्यालय व्यवस्थापन प्रणाली (सफ्टवेयर) खरिद- रु. ५,००,०००।००

ग. परामर्श खरिद अन्तर्गतः आवधिक विकास योजना, मध्यमकालिन खर्च संरचना तर्जुमा, भू-उपयोग तथा भू-उपयोग वर्गिकरण योजनाको लागि गाउँपालिका बाट तयार गरिएको कार्यक्षेत्रगत शर्त २०८१ स्विकृत गरि खरिद प्रक्रिया सुरु गर्ने

घ. कानूनी सचेतना कार्यक्रम- रु. २,००,०००।०० (कार्यक्रम खर्च शिर्षकबाट), मेलमिलाप केन्द्र सञ्चालन अभिमुखीकरण कार्यक्रम- रु. २,५०,०००।०० र टोल विकास संस्था अभिमुखिकरण कार्यक्रम- रु. २,००,०००।००